


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २६ गते सोमबार ❑ 9 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## दिगो विकास, समृद्धि र सामाजिक न्यायका लागि राजनीतिक स्थायित्व आवश्यक छः राष्ट्रपति

**रासस**
काठमाडौं, २५ माघ

राष्ट्रपति रामचन्द्र पौडेलले दिगो विकास, समृद्धि र सामाजिक न्यायका लागि राजनीतिक स्थायित्व आवश्यक भएको बताउनुभएको छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलनको आइतबार यहाँ उद्घाटन गर्दै राष्ट्रपति पौडेलले सो कुरा बताउनुभएको हो । "देशको दिगो विकास, समृद्धि र सामाजिक न्यायका लागि राजनीतिक स्थायित्व अत्यन्त आवश्यक छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "राज्यले सबै जाति तथा समुदायलाई विश्वासमा लिएर समावेशी शासन प्रणालीलाई व्यवहारमा उतारेपछि नै राजनीतिक स्थायित्व सम्भव हुने हो भन्ने हामीले बिर्सन हुन्न ।"

उहाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र भएको र हाम्रो राष्ट्रियगानले व्यक्त गरे झैँ नेपाल सयौँ थुङ्गाका फूलहरू मिलेर बनेको सुन्दर फूलबारी भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यस फूलबारीलाई अझ सुन्दर, समुन्नत र सन्तुलित बनाउन सबै जाति, भाषा, संस्कृति र समुदायको समान पहुँच, समान अवसर र समान सम्मान अपरिहार्य हुन्छ । हाम्रो संविधानले निर्दिष्ट गरेको लक्ष्य पनि यही हो ।" राष्ट्रपति पौडेलले आदिवासी जनजाति समुदायको भाषा, लिपि, संस्कृति, परम्परा, मूल्य-मान्यता, ज्ञान प्रणाली र धार्मिक विश्वासहरू केवल सांस्कृतिक सम्पदा मात्र नभएर ती नेपालको राष्ट्रिय पहिचानका अमूल्य आधारहरू पनि भएको बताउँदै यिनको संरक्षण, संवर्द्धन र समुचित विकासका लागि राज्यले नीतिगत, संस्थागत र संरचनागत रूपमा थप प्रभावकारी भूमिका निर्वाह गर्नु आवश्यक छ भन्ने आफूले ठानेको उल्लेख गर्नुभयो ।

"आदिवासी ज्ञान प्रणाली केबल परम्परामा सीमित छैनन् । यी सांस्कृतिक पहिचान, वातावरणीय संरक्षण र दिगो विकासका आधारस्तम्भ पनि हुन्छ", राष्ट्रपति पौडेलको भनाइ थियो, "नेपालका विभिन्न सूचीकृत आदिवासी जनजातिसँग सम्बन्धित परम्परागत ज्ञान, कृषि प्रणाली, कला, भाषा, विश्वदृष्टि तथा आध्यात्मिक अभ्याससम्म फैलिएको आदिवासी ज्ञान र बुद्धि एक जीवित राष्ट्रिय भण्डार हो, जसले हाम्रो समाजलाई सहअस्तित्व, सहिष्णुता र समृद्धितर्फ मार्गनिर्देशन गरिरहेको छ।" उहाँले सम्मेलनले आदिवासी ज्ञानलाई बौद्धिक र नीतिगत बहसको मूलधारमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने आशा व्यक्त गर्दै रजत जयन्तीको यस ऐतिहासिक अवसरले आदिवासी जनजाति समुदायको ज्ञान, संस्कृति र पहिचानलाई राष्ट्रिय विकासको मूल प्रवाहमा थप मजबुत रूपमा समाहित गर्न प्रेरणा मिलोस् भन्ने शुभकामना पनि व्यक्त गर्नुभयो ।

## ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ

**रासस**
काठमाडौं, २५ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको मत छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आइतबारसम्म एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत र बर्दघाट सुस्ता पश्चिम नवलपरासी गरी ३७ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो। यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उहाँले बताउनुभयो। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ । गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ्ग तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ।

## विश्वकप क्रिकेटः इङ्ल्यान्डविरुद्धको खेलमा नेपाल पराजित

**रासस**
काठमाडौं, २५ माघ

आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको आफ्नो उद्घाटन खेलमा नेपाल दुई पटकको विश्वकप विजेता इङ्ल्यान्डसँग पराजित भएको छ।

भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा आज भएको खेलमा इङ्ल्यान्डसँग नेपाल चार रनले पराजित भएको हो। झिनो अन्तरले पराजित हुदाँ नेपाली क्रिकेट इतिहासमा नयाँ कीर्तिमान कायम गर्ने अवसरबाट नेपाल बञ्चित भयो । जितका लागि १८५ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनमा समेटियो। नेपालका लागि दीपेन्द्र सिह ऐरीले सर्वाधिक ४४ रनको योगदान दिए र उनले २९ बलमा छ चौका र एक छक्का प्रहार गर्दै ४४ रन जोडे।

यसैगरी कप्तान रोहित पौडेल र लोकेश बमले समान ३९/३९ रन बनाए भने कुशल भुर्तेलले २९ रन जोडे । आरिफ शेखले १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । आसिफ शेख सात रनमा आउट भए भने गुल्सन झा एक रनमा आउट भए। बलिङमा इङ्ल्यान्डका लियम डसनले दुई विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको इङ्ल्यान्डले निर्धारित २० ओरभमा सात विकेट गुमाउँदै १८४ रनको योगफल बनाएको थियो। इङ्ल्याडका लागि ज्याकब बेथेल र कप्तान ह्यारी ब्रूकले अर्धशतक बनाए । ज्याकबले ३५ बलमा चार चौका र चार छक्काको सहयोगमा सर्वाधिक ५५ रन जोडे । यसैगरी कप्तान ह्यारीले ३२ बल खेल्दै चार चौका र तीन छक्का प्रहार गर्दै ५३ रन बनाए। विल ज्याक्सले अविजित ३९ रनको योगदान दिँदा जस बटलरले २६ रन बनाए। बलिङतर्फ नेपालका दीपेन्द्र सिंह ऐरी र नन्दन यादवले समान दुई/दुई विकेट लिए भने शेर मल्ल र सन्दीप लामिछानेले समान एक/एक विकेट झारे।

शनिबारदेखि सञ्चालन भएको विश्वकपमा नेपाल समूह 'सी' मा परेको छ । नेपालको समूहमा इङ्ल्यान्डसँगै वेस्ट इण्डिज, इटाली र स्कटल्यान्ड छ। नेपालले आफ्नो दोस्रो खेल यही माघ २९ गते इटालीसँग खेल्नेछ।

## मुस्ताङका दुई स्थानमा नेपाली सेनाको निर्वाचन सुरक्षा बेस क्याम्प

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २५ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि यहाँका दुई स्थानमा नेपाली सेनाले निर्वाचन सुरक्षा बेस क्याम्प स्थापना गरेको छ।

जोमसोमस्थित इन्द्रबक्स गणका अनुसार नेपाल-चीन सिमानासँग जोडिएको माथिल्लो मुस्ताङको लोमान्थाङस्थित थुर्लङफाँट र तल्लो मुस्ताङको घरपझोङ-४ जोमसोमस्थित इन्द्र बक्स गणमा बुधबारदेखि निर्वाचन सुरक्षा बेस स्थापना भएको जनाएको छ । सरकारले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निश्पक्ष, भयरहित शान्तिपूर्ण वातावरणमा निर्वाचन सफल बनाउन देशभर सेना परिचालन गर्ने निर्णय भएअनुसार मुस्ताङमा पनि निर्वाचन सुरक्षा बेस स्थापना गरिएको जोमसोमस्थित इन्द्र बक्स गणले जनाएको छ । निर्वाचन सुरक्षाका लागि स्थापना गरिएको सेनाको सुरक्षा बेस क्याम्पबाट मुस्ताङमा २४ घण्टामा दुईपटक सेनाले गस्ती गर्न थालेको छ । यहाँ सेनाले निर्वाचन सुरक्षाको वातावरणलाई कायम राख्न हतियारसहित सेनाको टोलीले मुख्य बजार तथा ग्रामीण क्षेत्रमा गस्ती गर्न थालेको हो। सेनाले दिन र रातको समयमा निन्तर निर्वाचन सुरक्षा गस्ती गर्न थालेका हुन्। इन्द्रबक्स गणका अनुसार माथिल्लो मुस्ताङ क्षेत्रमा लोमान्थाङस्थित थुर्लङ फाँटमा रहेको निर्वाचन सुरक्षा बेसले र तल्लो क्षेत्रमा इन्द्रबक्स गणस्थित निर्वाचन क्षेत्रले सुरक्षा गस्ती गर्नेगरी कार्यक्षेत्र विभाजन गरिएको छ। योसँगै निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न माथिल्लो मुस्ताङस्थित सैनिक निर्वाचन सुरक्षा बेसले निरन्तर गस्ती गर्न थालेको जनाइएको छ। त्यसैगरी, सशस्त्र प्रहरी बल नेपालले पनि माथिल्लो मुस्ताङको चराङमा सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा बेस स्थापना गरिसकेको छ। त्यहाँ एक जना सशस्त्र प्रहरी नायब उपरीक्षकको कमाण्डमा २४ जना सशस्त्र र बाँकी ११ जना निर्वाचन प्रहरी खटाउनेगरी ३५ जना सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा टोली तैनाथ गरिएको छ।

प्रतिनिधिसभा निर्वाचनका लागि नेपाल प्रहरीले २३५ जना र २६६ जना निर्वाचन प्रहरी परिचालन गर्ने जनाएको छ । प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार जिल्लाभित्र र जिल्ला बाहिरबाट यहाँ छनोट भएका निर्वाचन प्रहरीको २८ माघसम्म अनुशिक्षण तालिम सञ्चालन हुने र त्यसपछि जिल्ला प्रहरी कार्यालय मातहतमा रहेका प्रहरी युनिटमा खटाइने जानकारी दिनुभयो । खटिएका प्रहरी सुरक्षाकर्मीले मतदान केन्द्र तथा मतदानस्थलको सुरक्षा तथा नियमित गस्ती गर्ने कार्यलाई तीव्रता दिने जनाएको छ। आसन्न निर्वाचनका लागि मुस्ताङका पाँच स्थानीय तहमा गरी ३९ मतदान केन्द्र कायम छन् । पछिल्लो मतदाता नामावली अद्यावधिक हुँदा ११ हजार ३२८ जना मतदाता कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मुस्ताङमा आठ राजनीतिक दलले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन्।

## प्रदेश अस्पताल दमौलीलाई स्तरोन्नति गर्न जग्गा प्राप्ति

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ माघ

जिल्ला सदरमुकाम दमौलीस्थित प्रदेश अस्पतालले स्तरोन्नतिका लागि जग्गा प्राप्ति गरेको छ । नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गत कात्तिक २६ मा भएको निर्णयअनुसार जिल्ला समन्वय समिति, कृषि विकास कार्यालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सात रोपनी जग्गा अस्पताललाई उपयोग गर्न दिइएको हो।

मालपोत कार्यालयले माघ १९ गते प्रदेश अस्पताल दमौलीलाई जग्गा उपयोगको प्रमाणपत्र उपलब्ध गराएको मालपोत प्रमुख राजेन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला समन्वय समितिको नाममा रहेको पाँच रोपनी, कृषि विकास कार्यालयको नाममा रहेको दुई रोपनी र भेटेरीनरी अस्पतालको नाममा रहेको एक रोपनी जग्गा अस्पताललाई उपलब्ध गराइएको हो । जग्गा उपयोग गर्न दिइएपछि केही शर्तहरु राखिएको छ। पौडेलका अनुसार उपयोग गर्न दिइएको जग्गा अतिक्रमण हुन नपाउनेगरी उचित संरक्षण र संवर्द्धन गर्नुपर्ने छ । त्यस्तै उपयोग गर्न दिइएको जग्गा नाफामूलक तथा व्यापारिक कार्यमा प्रयोग गर्न वा कुनै व्यक्ति वा निकायलाई प्रयोग गर्न दिन वा भाडामा दिन नपाइने पौडेलले बताउनुभयो। जुन प्रयोजनका लागि माग गरिएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नुपर्ने, उद्देश्यअनुरुपको कार्यमाप्रयोगनगरेमापूर्वाधारसहितका जग्गा नेपाल सरकारले लिनसक्ने उहाँले बताउनुभयो।


जग्गा प्राप्ति नहुँदा स्तरोन्नति रोकिएको अस्पतालको अब स्तरोन्नति हुने निश्चित भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमलामोहन वाग्लेले बताउनुभयो। गण्डकी प्रदेश सरकारले अस्पताललाई ५० शय्यामा स्तरोन्नति गर्ने निर्णय गरिसकेको छ । उक्त निर्णयसँगै अस्पतालमा आठ जना विशेषज्ञ चिकित्सकको दरबन्दी स्वीकृत भएको छ। विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल २०५९ सालमा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो। अस्पतालमा फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसीयू कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायतका सेवा विस्तार भइसकेको छ।

साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ । अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलाइसिस सेवासमेत प्रदान गर्दै आइरहेको अस्पतालले जनाएको छ। अस्पतालले आर्थिक वर्ष २०८१/८२ मा एक लाख सात हजार ९८३ जना, आव २०८०/८१ मा ९८ हजार ३५६ सेवा लिएका थिए । यस्तै आव २०७९/८० मा ७३ हजार २५३ र आव २०७८/७९ मा ६४ हजार ५९४ जनालाई सेवा दिएको थियो।

**जिपी अस्पतालमा विशेषज्ञ चिकित्सक थप**

शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा नौ जना विशेषज्ञ चिकित्सक थप भएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालमा नौ जना विशेषज्ञ चिकित्सक थप गरेको हो । केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठका अनुसार केन्द्रमा छात्रवृत्तिका चिकित्सक थप भएसँगै सेवा प्रवाहमा सहजता छ। अरु आवश्यक स्वास्थ्यकर्मी तथा कर्मचारीहरू थप गरी केन्द्रबाट प्रदान हुने सेवा विस्तार गरिनेछ। अस्पतालमा मिर्गौला बिरामीका लागि दुई सिफ्टमा डायलाइसिस विस्तार गरिएको छ । आकस्मिक, शल्यक्रिया, स्त्रीरोग, नाक, कान, घाँटीसम्बन्धी शल्यक्रिया सुरु गर्ने लक्ष्य लिइएको छ। कार्यकारी निर्देशक श्रेष्ठले भन्नुभयो, "इन्कोस्कोपी सेवा सुरु भइसकेको छ भने ब्रोन्कोस्पोपी सेवा सञ्चालन

बाँकी अन्तिम पृष्ठमा ▶▶



# आहा ! रारा पोखरा गोल्डकपमा ३ विदेशी सहित १२ टिम सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखराको सहारा क्लवको आयोजनामा यही माघ २७ गते मंगलबारदेखि आहा ! रारा पोखरा गोल्ड कप सुरु हुने भएको छ । पोखरा रंगशालाको फुटवल मैदानमा सुरु हुने उक्त प्रतियोगिताको उद्घाटन खेलमा मंगलबार आयोजक सहारा क्लव र हङकङको गोर्खा इन्टरनेशनल फुटबल क्लब बिच प्रतिष्प्रर्धा हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

फागुन ९ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिम सहभागि हुने क्लवका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो । प्रतियोगितामा नेपाल एपीएफ क्लब, नेपाल पुलिस क्लब, मछिन्द्र फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ मर्स्याङ्दी क्लब, जावलाखेल युथ क्लब, प्लानिङ ब्वाइज युनाइटेड, फ्रेण्ड्स क्लब, आयोजक सहारा क्लब पोखरा सहित उज्वेकिस्तानको आभा फुटबल क्लब, भारत सिक्किमको थण्डरबोल्ट नर्थ युनाइटेड र हङकङको गोर्खा इन्टरनेशनल फुटबल क्लब सहभागी हुने भएको उहाँले जनाउनु भयो ।




प्रतियोगिताको विजेताले नगद १४ लाख १ हजार रुपैयाँसहित शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ७ लाख १ हजार रुपैयाँसहित शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ । साथै अनुशासित टिम, उत्कृष्ट खेलाडी, गोलकिपर, डिफेन्स, मिडफिल्डर, स्ट्राइकर, प्रशिक्षक, सर्वाधिक गोलकर्ता, उदयमान खेलाडी तथा प्रत्येक खेलको 'म्यान अफ दी म्याच' र भाग्यशाली दर्शकलाई समेत आकर्षक पुरस्कार प्रदान गरिने भएको छ ।

यस वर्षको सर्वोत्कृष्ट खेलाडीले टेल्जी इलेक्ट्रिक स्कुटर प्राप्त गर्नेछन्। सहारा क्लब पोखराले हरेक वर्ष प्रदान गर्दै आएको सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मानबाट यस वर्ष राष्ट्रिय महिला फुटबल टोलीकी खेलाडी प्रिती राई सम्मानित हुने प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो । मुख्य प्रायोजक हिमश्री फुड्स प्रा.लि. (आहा तथा रारा तयारी चाउचाउ) रहेको छ भने प्रतियोगितामा पोखरा महानगरपालिका संरक्षकका रूपमा रहेको छ । "खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं" भन्ने मूल नारासहित सञ्चालन हुँदै आएको आहा! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको २५ औं संस्करण सन्ध्याकालिन रुपमा अस्थायी फ्लटलाइटमा फुटवल प्रतियोगिता हुने भएको महासचिव गंगाराज पौडेलले बताउनु भयो ।

पत्रकार सम्मेलनमा सहारा युकेका अध्यक्ष सारदा गुरुङले 'म्यान अफ दी म्याच' ट्रफी क्लब अध्यक्ष केशव बहादुर थापालाई हस्तान्तरण गर्नुभयो । हिमश्री फुड्सका कार्यकारी निर्देशक प्रकाश केसीले स्व.सूर्य बहादुर केसीले आहा! रारा गोल्डकपसँग जोडेको सम्बन्धलाई निरन्तरता दिँदै खेलकुदसँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि सहयोग गर्दै आएको बताउनुभयो। अर्का निर्देशक किरण केसीले आहा! रारा पोखरा गोल्डकपलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्डका रूपमा स्थापित गर्न सहकार्य जारी रहने स्पष्ट पार्नुभयो । पोखरा महानगरपालिका वडा नं. ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले पोखरामा फुटबल विकासमा सहारा क्लबले उदाहरणीय भूमिका खेलेको भन्दै वडाले प्रतियोगितालाई विशेष सहयोग गर्दै आएको बताउनुभयो । यस अवसरमा आहा! रारा पोखरा गोल्डकपलाई २५ औं संस्करणसम्म ल्याउन योगदान पुऱ्याउने २५ जना व्यक्ति तथा संस्थालाई विभिन्न विधामा सम्मान गरिने भएको छ ।

# जिल्ला समन्वय समिति कास्कीको जेष्ठ नागरिकसंग छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

जिल्ला समन्वय समिति कास्कीले जिल्लास्थित विभिन्न जेष्ठ नागरिक सम्बद्द संघ संस्था हरूसंग आइतबार छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो । सो अबसरमा प्रमुख पौडेलले जेष्ठ नागरिकको संबिधान र कानुनले ब्यबस्था गरेका सेवा सुबिधाको निसर्त कार्यन्वयन हुनुपर्ने भन्दै विभिन्न कार्यालय र सरोकारवालाहरू यस सम्बन्धमा गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो । सार्बजनिक यातायातमा ५० प्रतिशत छुटको प्राबधान कार्यान्वयन हुन नसकेको ,सेवा प्रदायक अस्पताल ,बैंक सहितका सेवा प्रदायक निजि तथा सार्बजनिक संस्था हरूको ध्यानाकर्षण गराउदै उहाँले केहि सरकारी तथा सरोकारवाला कार्यालयहरूमा सेवा प्रबाह जेष्ठ नागरिक मैत्री नभएको गुनासो आएको भन्दै तत्काल सेवा प्रबाहमा जेष्ट नागरिकहरूलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । प्रमुख पौडेलले जिल्ला समन्वय समितिलाई नागरिकका गुनासा सुन्ने र समाधानका उपाय खोज्ने थलोको रूपमा लिन आग्रह गर्दै कुनै गुनासा भए जानकारी गराउन आग्रह गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका शाखा अधिकृत लक्ष्ु शर्माले जेष्ठ नागरिकका अधिकार र बर्तमान अबस्था बिषयमा अबधारणा पत्र प्रस्तुत गर्नुभएको थियो ।शर्माले जेष्ठ नागरिकका सम्बन्धमा भएका कानुनि ब्यबस्था ,उहाँहरुको हक अधिकार सम्बन्धि अन्य नीतिगत ब्यबस्था र कार्यान्वनमा देखिएका चुनौती र समस्या सहित समाधानका बारेमा चर्चा गर्नुभएको थियो । जेष्ठ नागरिक सेवा सम्बन्धमा संचालित जेष्ठ नागरिक आश्रम र दिवा सेवा केन्द्रहरूका संचालक सहभागीहरूले जेष्ठ नागरिकहरूले भोग्नु परेका समस्याका पारेमा अबगत गराएका थिए ।उनीहरूले जेष्ठ नागरिकका समस्या पहिचान र समाधान र कार्यान्वनका बारेमा राज्यका निकाय सक्रिय र सम्बेदनशील हुनु पर्नेमा जोड दिएका थिए ।कास्की जिल्लामा क्रियाशील विभिन्न जेष्ठ नागरिक सम्वद्ध संघ,संस्था,प्रतिनिधि र सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो ।



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सदस्य सितादेबी विश्वकर्मा र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

# प्रतिभा माविले जित्यो प्रतिभा सुपर लिग क्रिकेटको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

प्रतिभा सुपर लिग क्रिकेटको च्याम्पीयन आयोजक प्रतिभा मावि बनेको छ । प्रतिभा मावि पोखरा-३ नदीपुरको आयोजनामा भएको प्रतिभा सुपर लिग क्रिकेट प्रतियोगिताको उपाधि आयोजक प्रतिभा माविले जितेको हो । पोखरा रंगशालामा आईतबार भएको फाइनल खेलमा मदरल्याण्ड सेकेण्डरी स्कुललाई ५८ रनले पराजित गर्दै प्रतिभाले पोखरामा पहिलो पटक आयोजना भएको प्रतियोगिताको उपाधि आफ्नो पोल्टामा पारेको हो ।

आईतबारको खेलमा प्रतिभा माविले टस जितेर पहिले व्याटिङ गर्ने निर्णय गर्दै निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३७ रनको योगफल तयार गऱ्यो । प्रतिभाका लागि सफल श्रेष्ठले ४९ बलमा ७२ रनको अर्धसतकीय पारी खेले । त्यस्तै, मिसन विकले २१ ब्लमा १८ रनको योगदान दिए । प्रतिभालाई विशाल स्कोर बनाउनबाट रोक्ने क्रममा मदरल्याण्डका भुवनबहादुर भण्डारीले ३ ओभरमा १ मेडन ओभरसहित ४ रन खर्चेर ३ विकेट लिए भने विलोभ मल्ल, सद्रीस पौडेल, रमेश भट्ट र शुभम गिरीले १/१ विकेट लिए । १३८ रनको चुनौतिपूर्ण लक्ष्य पछ्याउँदै जवाफी व्याटिङमा उत्रिएको मदरल्याण्ड भने १३.४ ओभरमा सबै विकेट गुमाएर केवल ७९ रनमा समेटियो । मदरल्याण्डका लागि रोमिस भट्टले ११ बलमा १३ रन बनाउनुबाहेक अन्यको व्याट नचल्दा पराजय बेहोर्दै उपबिजेतामै सिमित बन्यो । मदरल्याण्डलाई सस्तैमा समेट्न प्रतिभाका सफल थापाले ४ ओभरमा १५ रन खर्चेर ५ विकेट र सफल श्रेष्ठले ३.४ ओभरमा २१ रन खर्चेर ४ विकेट लिए । खेलमा प्रतिभाका अलराउण्डर सफल श्रेष्ठ प्लेयर अफ म्याच घोषित भए ।




च्याम्पीयन बनेको प्रतिभा माविले नगद ३० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो । उप-बिजेता बनेको मदरल्याण्डले नगद २० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । प्रतियोगितामा च्याम्पीयन बनेको प्रतिभा माविका सफल श्रेष्ठ प्लेयर अफ द टुर्नामेन्ट घोषित भए । त्यस्तै, प्रतिभा माविका सहबुद्दिन अन्सारी उत्कृष्ट ब्याट्स म्यान र बाल मन्दिर माविका सुमन अधिकारी उत्कृष्ट बलर बने । उनीहरुलाई पनि ट्रफी प्रदान गरिएको थियो ।

बिजयीहरुलाई गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल, सदस्य भोजराज बराल, प्रतिभा मावि सञ्चालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेल, प्राचार्य किरण सापकोटा, वित्त निर्देशक विश्वगोपाल पराजुली, निर्देशक सन्देश पौडेललगायतले पुरकास्कार वितरण गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले प्रतियोगिता ग्रासरुट क्रिकेटको विकासका लागि कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे । उनले भने,' यो प्रतियोगिता ग्रासनेस टु ग्रेटनेस क्रिकेटका लागि कोशेढुंगा सावित हुनेछ ।' आयोजक प्रतिभा माविका सञ्चालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेलले क्रिकेटको विकास र खेलाडी उत्पादनका लागि प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ प्रतियोगिता आयोजना गरिएको बताए । प्रतिभा माविका प्राचार्य किरण सापकोटाले आगामी वर्षदेखि छात्र र छात्रा दुवै विधामा प्रतियोगिता आयोजना गर्ने घोषणा गरे । यसपटक छात्रहरुबाट शुरु गरेका छौं,उनले भने,'आगामी वर्षदेखि छोराछोरीहरु सबैले खेल्नसक्ने गरी छात्र, छात्रा दुवै विधामा प्रतियोगिता आयोजना गर्ने जानकारी गराउँछु ।'

# पोखराको जेठो सामाजिक संस्था पोउवा संघ ७२ औं वर्षमा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरा उद्योग वाणिज्य संघ ७२ औं वर्षमा प्रवेश गरेको छ । २००७ सालको क्रान्तिपछिको चेतनाको जगमा २०११ साल माघ २५ गते पोखराका उद्योगी/व्यवसायीहरुले अमृतप्रसाद शेरचनको नेतृत्वमा पोखरा व्यापार संघको स्थापना गरेका थिए ।

विधिवत् रुपले २०११ सालमा स्थापित भए पनि २००८ सालतिरै पोखराका व्यापारीहरु एकजुट भइसकेका थिए र व्यापार संघको तदर्थ समिति पनि बनेको थियो । २०११ सालमा विधिवत् स्थापना भएपछि चाहिँ तत्कालीन समयको पोखरा व्यापार संघ यहाँको जेठो सामाजिक संस्थाको रुपमा प्रतिस्थापित भयो । यही संघको अगुवाइमा शैक्षिक उन्ननयनको लागि बालमन्दिरदेखि पृथ्वीनारायण क्याम्पससहित दर्जनौं शैक्षिक संस्था,पोखरा विश्वविद्यालयको स्थापना, पृथ्वीनारायण क्याम्पसमा वाणिज्य अनि अर्थशास्त्रको पढाइ हुन थाल्यो । भौतिक निर्माणको अगुवाइ पनि संघबाटै भएको हालका अध्यक्ष गोकर्ण कार्की बताउँछन् । उनका अनुसार संघले पोखराको महेन्द्रपुलदेखि काहुँको धरहरा,पोखरा सभागृहलगायतका संरचना निर्माणमा नेतृत्वदायी भूमिका निभाएको थियो । पोखरालाई शिक्षा,स्वास्थ्य र पर्यटनको सहर बनाउनुपर्छ भन्ने आवाज पहिलोपटक मुखरित गर्ने तथा सोही अनुरुपका कार्यक्रम तय गर्ने श्रेय पनि संघलाई नै जान्छ । २०३१ सालमा पोखरा औद्योगिक क्षेत्र स्थापना भएपछि पोखरा व्यापार संघले आफूलाई पोखरा उद्योग वाणिज्य संघमा रुपान्तरण गरेको थियो । अहिले पोखरा उद्योग वाणिज्य संघमा करिब ३ हजार साधारण सदस्य रहेका छन् । यो निजी क्षेत्रको हक अधिकारको पैरवी गर्ने र खुल्ला अर्थतन्त्रको पक्षमा आवाज उठाउने संस्था भएको अध्यक्ष कार्कीको भनाइ छ । 'पोखराले सहरको स्वरुप नलिँदै पोखरा उद्योग वाणिज्य संघ जन्मेको हो । यसका संस्थापक अध्यक्ष नै मुस्ताङमा जन्मेर पोखरालाई कर्मक्षेत्र बनाउनुभएका स्वर्गीय अमृतप्रसाद शेरचन हुनुहुन्छ,'अध्यक्ष कार्की भन्छन्,' यो संस्था कति समावेशी छ भन्ने दृष्टान्त त्यहीँबाट पुष्टि हुन्छ । पोखरालाईदेशकाकुनाकुनामारहेका उद्योगी/व्यवसायीको आकर्षणको केन्द्र बनाउन हामी निरन्तर लागिरहेका छौं ।' संघको ७२ औं स्थापना दिवसको अवसरमा आइतबार सचिवालय गैह्रापाटनमा झण्डोत्तोलन गरिएको छ । सो कार्यक्रममा संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनसहित वर्तमान पदाधिकारी, कार्यसमिति सदस्य र शुभेच्छुकहरुको सहभागिता रहेको संघकी महासचिव शोभा गौतमले जानकारी दिइन् । संघका उद्योग उपाध्यक्ष दीनेशचन्द्र बास्तोलाका अनुसार संघले चुनावी आचार संहिताका कारण वार्षिकोत्सव केही कार्यक्रमलाई भने थाँती राखेको छ । यसैबीच संघको ७२ औं वार्षिकोत्सवकै अवसरमा भगिनी सम्बन्ध गाँसिएको भक्तपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई सम्मानसमेत गरिएको छ । महासचिव गौतमका अनुसार भक्तपुरको प्रतिनिधिको सम्मानमा संघले कास्कीको पर्यटकीय क्षेत्र मादी गाउँपालिकाको ताङतिङमा सो सम्मान कार्यक्रम आयोजना गरेको हो ।





## योग गरौं, स्वस्थ जीवन अपनाऔं

- ◆ नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- ◆ योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- ◆ नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- ◆ बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- ◆ योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- ◆ बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।
- ◆ योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।

योग गरौं: स्वास्थ्य बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रदेश ...

गर्न लागेका छौं । केन्द्रको मुख्य भवनमा लिफ्ट जडानका लागि बजेट प्राप्त भएको छ । लिफ्ट जडानका लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको छ ।" अस्पताललाई ३०० शय्यामा विस्तारका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले २०६७ सालमा पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व २०७५ सालमा जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हाल उपचार केन्द्रका नाममा ७४० रोपनी जग्गा प्राप्ति भइसकेको छ । अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलावा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन् । उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ ।

जनतालाई सहज रूपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको डा श्रेष्ठले बताउनुभयो । अस्पतालमा तनहुँको शुक्लागण्डकी, भीमाद नगरपालिका, म्याग्दे, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासीका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन, कल्चर सेवा, ओपिडी सेवा, चौबिसै घण्टा आकस्मिक सेवा, प्रयोगशाला, भिडियो एक्सरे सेवा, समान्य शल्यक्रिया लगायतका सेवा प्रदान गरिरहेको छ ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसत्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# चुनाव सार्न नखोज

फागुन २१ मा चुनाव हुन्छ भनेर शुरुमा धेरैलाई विश्वास थिएन । काङ्ग्रेस उपसभापति विश्व प्रकाश शर्माले बैशाखमा चुनाव हुनुपर्ने विचार प्रकट गरेका थिए । शुरुमा चुनावमा जोड दिनेहरू पछि चुनावको लागि समय थप्न चाहन्थे । चुनावप्रति शंका गर्ने दल चुनावको तयारी थाल्दा बल्ल चुनावको माग गर्ने दलहरू आन्तरिक विवाद मिलाउन समय सार्ने पक्षमा थिए ।समय चुनावका लागि अनुकूल बनेपछि पछि धकेल्न वाहान खोज्न थालियो ।मौसमले साथ दिदैन कि भनेर समाचार नआएको होइन । समय सार्ने योजना प्रधानमन्त्री सुशीला कार्कीले हिमपात पर्ने क्षेत्रमा २१ फागुनमा निर्वाचन हुन नसके अर्को चरणमा गराउने बताएपछि सबैलाई झस्काएको छ ।

‘सरकारले जसरी पनि गराउँछ निर्वाचन । कहीँ रोकियो भने अर्कोपटक गराउँछ,’ प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, ‘थोरै (सानो क्षेत्र) ठाउँ भएकोमा त साधनको (सवारी साधन) प्रयोग गरेर, मान्छेलाई ओसारेर पनि गराउँला । त्यहाँ हुनै नसक्ने अवस्था हो भने विचार गरेर हुन्छ ।’ गत मंगलबार सञ्चारकर्मीहरूलाई संक्षेपमा प्रतिक्रिया दिने क्रममा प्रधानमन्त्री कार्कीले दिएको यस्तो अभिव्यक्तिप्रति दलहरूले आपत्ति जनाएका छन् । विशेषगरी नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले एकै चरणमा चुनाव हुनुपर्ने सार्वजनिक अडान लिए । बुधबार राजधानीमा आयोजित एक कार्यक्रममार्फत नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दुई चरणमा चुनाव हुन नसक्ने अडान लिए । ‘म तपाईंलाई भन्न चाहन्छु । चुनाव हुन्छ नै, २१ फागुनमै हुन्छ । म सरकारलाई पनि के सुझाव राख्न चाहन्छु भने दुई चरण भनेर नगरियोस्, चुनाव एकै चरणमा होस्,’ प्रचण्डले भने । जेनजी आन्दोलन पछि सबैले जस लिन खोज्दा अँध्यारो पाटो सतहमा आउनथालेपछि पछि हट्ने परिस्थिति बनेको हो । प्रचण्डले यस्तो सुझाव दिइरहँदा एमालेले पत्रकार सम्मेलनमार्फत खबरदारी गरिरहेको थियो । एमाले उपाध्यक्ष रामबहादुर थापा बादलले प्रधानमन्त्री कार्कीको भनाइ उद्धृत गर्दै दुई चरणको कुराले चुनाव हुनेमै प्रश्न उठाएका थिए ।

प्रचण्ड र बादलले भन्दा चर्को स्वरमा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री कार्कीको भनाइप्रति आपत्ति जनाएका छन् । दुई चरणमा निर्वाचन गराउँदा निष्पक्ष निर्वाचन हुन नसक्ने र राज्यका संयन्त्रहरू दुरुपयोग गरिनसक्ने ओलीको शंका छ । ‘उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको आँखाबाट एक मिनेट पनि, एक सेकेण्ड पनि बक्सा ओझेल पर्न सक्दैन । भोट सक्किएपछि तत्काल उम्मेदवारका प्रतिनिधिहरूको रोहबरमा गन्ने ठाउँमा पुऱ्याइनुपर्छ । र बाक्सा खोलेर तत्काल मत गनिनुपर्छ,’ ओलीले अडान लिएका छन् । एमाले झापा-काठमाडौं सम्पर्क मञ्चको कार्यक्रममा प्रमुख वक्ता रहेका ओलीले दुईचरणमा निर्वाचन गराउँदा मतमेटिका दायाबायाँ हुन सक्ने शंका गरे । ‘सुन्दैछु, हिमाली भेगमा निर्वाचन हुन नसक्ने भयो, त्यसैले दुई चरणमा निर्वाचन गर्ने,’ ओलीले भने, ‘…अहिले पनि हामी भन्न चाहन्छौं, भ्याइँदैन भने मिति सार, एकै दिन निर्वाचन हुनुपर्छ । सोझै निर्वाचन भइसकेपछि मत गणना गरिनुपर्छ । धाँधली गरेर निर्वाचनको नाटक चल्दैन ।’ २१ फागुनको निर्वाचन सार्ने विकल्पमा आफूलाई खुला राखेका ओलीले निर्वाचनमा धाँधली भए देशमा अनिष्ट निम्तने चेतावनी नै दिए । ‘म फेरि भन्न चाहन्छु- कुनै रोदन भन्ने नठान्नु होला, यो रोदन होइन,’ ओलीले भनेका छन्, ‘हन्ड्रेड पर्सेन्ट फ्रि फेयर इलेक्सन हुनुपर्छ, निर्भय बातावरणमा निर्वाचन हुनुपर्छ । पेलपाल चल्छ भन्ने सोचेको छ भने त्यो नसोच्दा हुन्छ । मैले अघि नै भने देशमा ठूलो अनिष्ट हुन्छ ।’

ओलीले बिहीबार बालुवाटार पुगेरै प्रधानमन्त्री कार्कीसँग कुरा गरेका छन् । आफू निकट नेता विष्णु रिमाल लिएर बालुवाटार पुगेका ओलीले निर्वाचनकै बारेमा कुरा राखेका थिए । प्रधानमन्त्री कार्कीसँग एकैचरणमा निष्पक्ष निर्वाचनको बातावरण बनाइनुपर्ने प्रस्ताव राखेका थिए । ‘निर्वाचन निष्पक्ष, धाँधली रहित र एकै चरणमा हुनुपऱ्यो भन्ने ओलीजीको कुरा थियो।,’ एकै चरणमा चुनाव गर्नेगरी एक खालको बुझाइ भएर छलफल सकिएको छ । सार्वजनिक अडान एमाले र नेकपाबाट सुनिए पनि अरु दलहरू समेत दुई चरणमा निर्वाचन गराउने प्रस्तावमा मञ्जुर देखिदैन । दलहरूको आपत्ति देखिएपछि प्रधानमन्त्री कार्कीले २१ फागुनमा एकैदिन निर्वाचन हुने सार्वजनिक सन्देश दिएकी छन् । मतपत्र छपाइ भइरहेको जनक शिक्षा सामग्री केन्द्रको अवलोकन गर्दै प्रधानमन्त्री कार्कीले शंका मेट्ने प्रयास गरेकी छन । नवलपुरमा प्रधानमन्त्रीले बोलेको कुरालाई लिएर दलहरूले आपत्ति जनाएपछि प्रधानमन्त्री कार्कीले एकैचरणमा निर्वाचन हुन्छ भनेर पछि हट्न बाध्य भएकि छन । ‘ढुक्क र निश्चिन्त हुनुस् । एकैदिनमा हुन्छ चुनाव । दुई चोटी हुनेवाला छैन, तोकिएकै मितिमा हुन्छ,’ प्रधानमन्त्री कार्कीले भनिन्, ‘ मलाई लाग्छ मौसम पनि राम्रो हुनेछ ।जुन कुरा आफ्नो नियन्त्रणमा हुँदैन त्यसैको सहारा लिनु झुक्याउने कुरा हो।नेपाली उखान“ रात रहे ,अग्राख पलाउँछ “ भने झै प्रधानमन्त्री कार्कीको चुनाव दुई चरणमा गराउने भित्री चाहनाको सबैले प्रतिवाद आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कुष्ठरोग प्रभावितसँग सम्बन्धित नीति तथा कानुन पुनरावलोकन गर्न सुझाव

**रासस**
काठमाडौं, २५ माघ

नेपालमा कुष्ठरोग र सोबाट प्रभावित व्यक्तिविरुद्ध अन्यायपूर्ण रुपमा रहेका विद्यमान नीति तथा कानुनको पुनरावलोकन गर्न एक अध्ययन प्रतिवेदनले सुझाव दिएको छ ।

नेपाल कानुन समाजले सासाकावा हेल्थ फाउन्डेसन जापानको सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँगको सहकार्यमा गरिएको ‘नेपालमा कुष्ठ प्रभावित व्यक्तिको अधिकार तथा भावी रणनीति अध्ययन प्रतिवेदन, २०८२’ले कुष्ठरोगका कारण हुने सबै प्रकारका विभेद अन्त्य गर्न कानुनी र नीतिगत सुधार आवश्यक रहेको बताएको हो । नेपालमा कुष्ठरोग नियन्त्रणमा उल्लेखनीय प्रगति भए पनि रोगका कारण हुने सामाजिक विभेद, कानुनी अस्पष्टता र सेवा पहुँचको कमजोरी अझै कायम रहेको अध्ययनले देखाएको हो । प्रतिवेदनले सन् २०३० सम्म कुष्ठरोगसँग सम्बन्धित सबै प्रकारका विभेद अन्त्य गर्न नीतिगत, कानुनी तथा संरचनागत सुधार अपरिहार्य रहेको निष्कर्ष निकालेको छ । अध्ययनले नेपालमा कुष्ठरोग उन्मूलन घोषणा गरिए पनि सङ्क्रमण पूर्ण रूपमा अन्त्य नभएको र रोगका कारण प्रभावित व्यक्तिहरू अझै सामाजिक, कानुनी तथा आर्थिक विभेदको सामना गरिरहेका उक्त अध्ययनले देखाएको छ ।

कुष्ठरोग औषधि सेवनपछि निको हुने र अरुलाई नसर्ने रोग हो । हाल नेपालमा करिब दुई लाखको सङ्ख्यामा कुष्ठरोग प्रभावित व्यक्ति रहेका र करिब दुई हजारदेखि दुई हजार ५०० सम्म व्यक्ति बर्सेनि यो रोगको सङ्क्रमणमा पर्ने गरेको पाइएको छ । तथ्याङ्कहरूमा मधेस तथा लुम्बिनी प्रदेशका तराईका ११ जिल्लामा अहिले पनि प्रति १० हजारमा एक जनाभन्दा बढी व्यक्ति कुष्ठ प्रभावित भएकाले ती जिल्लालाई अति कुष्ठ प्रभावित जिल्ला मानिएको छ । नेपाल कानुन समाजका प्रमुख कार्यकारी निर्देशक कृष्णमान प्रधानले कुष्ठरोग प्रभावित व्यक्तिले सो रोगका कारण भोग्ने शारीरिक पीडा त छँदै छ त्यो भन्दा पनि गम्भीर कुष्ठ प्रभावित व्यक्तिलाई गरिने सामाजिक विभेद रहेको बताउनुभयो । उहाँका अनुसार अहिले पनि कुष्ठ प्रभावित व्यक्तिलाई परिवार र समाजबाट निकाल्ने र अपमानपूर्ण व्यवहार हुने गरेको पाइएको छ । उहाँले भन्नुभयो, “कुष्ठरोगबाट प्रभावित व्यक्ति र परिवारले आजको समयमा केकस्ता समस्या भोगिरहेका छन्, संविधान र कानुनले दिएको उनीहरूको हक र अधिकार कसरी प्रयोग भइरहेको छ, यसमा सम्बन्धित सरोकारवालाको भूमिका कस्तो छ, यसबारेमा राज्यको स्पष्ट नीति कस्तो छ भन्ने एकिन गर्न हामीले अध्ययन गरेका हौं ।” त्यसैगरी, अध्ययनले कुष्ठरोग प्रभावित व्यक्तिको मानवअधिकार सुनिश्चित गर्ने उद्देश्यले विद्यमान नीति, कानुन र संस्थागत संरचनाको समीक्षा गरेको थियो । तर अध्ययनपश्चात निष्कर्षमा विभिन्न कानुनहरूमा अझै पनि कुष्ठरोगका आधारमा हुने विभेद अन्त्य गर्न स्पष्ट र प्रभावकारी व्यवस्था नभएको पाइएको छ । नेपालको संविधानले सबै प्रकारका विभेदलाई निषेध गर्दै कानुनबमोजिम दण्डनीय हुनेगरी मौलिक हकको व्यवस्था गरेको छ । कसैलाई जाति, लिङ्ग वा अन्य यस्तै आधारमा मात्र होइन व्यक्तिको शारीरिक र स्वास्थ्य अवस्थाका आधारमा समेत भेदभाव गर्न नपाइने संविधानमा उल्लेख छ । प्रतिवेदनमा उल्लेख भएअनुसार केही कानुनी प्रावधानहरूमा कुष्ठरोगका कारण विवाह बदर गर्न सकिने व्यवस्थाजस्ता विभेदकारी धाराहरू अझै संशोधन हुन बाँकी छन् । यस्ता व्यवस्थाले प्रभावित व्यक्तिको सम्मानजनक जीवनयापन र सामाजिक पुनः एकीकरणमा बाधा पुऱ्याएको अध्ययनले औंल्याएको छ ।

अध्ययनले प्रदेश र स्थानीय तहलाई आवश्यक अधिकार, बजेट र जिम्मेवारी प्रदान गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, कुष्ठरोग प्रभावित व्यक्तिको सामाजिक पुनः एकीकरणका लागि जीविकोपार्जन तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न, व्यापक जनचेतना कार्यक्रममार्फत समाजमा रहेको डर, भ्रम र कलङ्क अन्त्य गर्न ध्यानाकर्षण गराएको छ । अध्ययनले कुष्ठरोगलाई केवल स्वास्थ्य समस्याको रूपमा नभई मानवअधिकारको विषयका रूपमा हेर्नुपर्नेमा जोड दिएको छ । राज्यले संविधान र अन्तरराष्ट्रिय सन्धिहरूअनुसार प्रभावित व्यक्तिको सम्मान, सुरक्षा र समान अवसर सुनिश्चित गर्नुपर्ने प्रतिवेदनको ठहर छ । त्यसैगरी, कुष्ठरोग उन्मूलनको लक्ष्य हासिल गर्न कानुनी सुधार, सामाजिक चेतना र प्रभावकारी सेवा प्रवाहलाई एकसाथ अघि बढाउनुपर्ने अध्ययनले सन्देश दिएको छ । विसं २०८२ वैशाख २५ र २६ गते काठमाडौंमा सम्पन्न पहिलो राष्ट्रिय कुष्ठ रोग सम्मेलन कार्यक्रमबाट प्राप्त सुझावहरूलाई समावेश गरी यो अन्तिम प्रतिवदन तयार गरेर हालै सार्वजनिक गरिएको हो ।

# देशभरिका किशोरीलाई क्यान्सरविरुद्धको खोप अभियान सुरु

**रासस**
काठमाडौं, २५ माघ

सरकारले आइतबारदेखि कक्षा ६ मा पढ्ने किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको ‘ह्युमन पापिलोमा भाइरस’ (एचपिभी) खोप अभियान देशभरि नै सञ्चालन गर्न थालिएको छ ।

स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाका अनुसार आजदेखि फागुन १५ गतेसम्म देशभरिका कक्षा ६ मा पढ्ने किशोरी र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाउन थालिएको छ ।

अभियानकै क्रममा गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने किशोरी र ११ वर्षदेखि १४ वर्षका विद्यालय बाहिरका किशोरी पनि सोही अभियानअन्तर्गत खोप लगाउने र हिमाली तथा हिउँ पर्ने जिल्लामा भने चैतमा सञ्चालन हुने शाखाले जनाएको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरस सङ्क्रमण रहेकाले त्यसको विरुद्ध एचपिभी खोप लगाउनुपर्ने हुन्छ ।

कक्षा ६ मा पढ्ने किशोरीलाई विद्यालय र अन्य किशोरीलाई खोप केन्द्रमा एचपिभी खोप लगाइने छ ।

खोप शाखाका प्रमुख डा अभियान गौतमले खोप शतप्रतिशत प्रभावकारी रहेकाले खोप लगाउन सबैलाई आग्रह गर्नुभयो ।

नेपालमा हरेक दिन औसतमा छ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखिन्छ, जसमा चार जनाको ज्यान जाने गरेको छ । तर यो क्यान्सर रोग एचपिभी खोपबाट रोक्ने सकिने छ ।

# माउन्ट अन्नपूर्णको ४७ औं वार्षिकोत्सव तथा अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ




पोखरा ३ नदिपुरमा भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माविको ४७ औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार बितरण कार्यक्रम शुरु भएको छ ।

आइतबार र सोमबर गरेर २ दिन सम्म सञ्चालन हुने कार्यक्रममा बिभिन्न कार्यक्रमहरु समावेश गरिएको बिद्यालयका अतिरिक्त क्रियाकलाप निर्देशक तेज बहादुर गुरुङले जानकारी दिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं ३ का वडाध्यक्ष प्रकाशमान उदासले माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले शैक्षिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदान प्रशंसनीय रहेको बताए । उनले विद्यालयले अनुशासन, गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापलाई सँगसँगै अघि बढाउँदै विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे ।

बिद्यालयका अध्यक्ष सुरज प्रकास प्रधानाङले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा शिक्षक, अभिभावक र विद्यार्थीको साथ र सहयोगको आवश्यकता रहेको बताए।विद्यालयकाप्रधानाध्यापक सइन्द्रराज श्रेष्ठले विद्यालयको ४७ वर्षे शैक्षिक यात्राले अनुशासन, गुणस्तरीय शिक्षा र जीवनोपयोगी सीपमा आधारित शिक्षालाई प्राथमिकतामा राख्दै आएको बताए।उनले अभिभावक, शिक्षक र विद्यार्थीबीचको सहकार्यले नै विद्यालयलाई आजको उचाइमा पुऱ्याएको उल्लेख गरे । अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङले अतिरिक्त क्रियाकलाप विद्यार्थीको व्यक्तित्व विकासको महत्वपूर्ण आधार भएको बताए । उनले नृत्य, संगीत, खेलकुद, विज्ञान प्रदर्शनी तथा विभिन्न सिर्जनात्मक गतिविधिमार्फत विद्यार्थीभित्रको प्रतिभा उजागर गर्ने अवसर विद्यालयले निरन्तर प्रदान गर्दै आएको उल्लेख गरे । गुरुङले शिक्षालाई कक्षाकोठामा सीमित नराखी व्यवहारिक र जीवनोपयोगी बनाउने उद्देश्यले विद्यालयले अतिरिक्त क्रियाकलापलाई समान प्राथमिकता दिएको बताउँदै अभिभावकको सक्रिय सहभागिताले विद्यार्थीहरू अझ आत्मविश्वासी र अनुशासित बन्दै गएको धारणा व्यक्त गरे ।

कार्यक्रममा पूर्व अध्यक्ष चिजकाजि गुरुङ, प्रोमोटर चित्र गुरुङ, झम गुरुङ, लेखा प्रमुख नवराज शर्मा, मन्टेश्वरी इन्चार्ज चाँदनी शर्मा, शिक्षिका सुधा सिके, इन्दिरा देवी शर्मा, अभिभावक सरु श्रेष्ठ लगाएतले बोलेक आफ्नो भनाई राखेका थिए । कार्यक्रममा बिज्ञान प्रर्दशनि आँट एन्ड क्राफ्ट, फुड फेष्टिफल, रिसाइकल एन्ड अफसाइकल क्लबको प्रर्दशनि, नाटक, नृत्य गाएन लागएतका प्रस्तुतिहरु प्रस्तुत गरिएको थियो । माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट र माउंटेनियरिङ विषयमा कक्षा १२ सम्म पढाई हुन्छ । यो गण्डकी प्रदेशमानै निजि स्तरबाट सञ्चालित पहिलो निजी विद्यालय हो ।

# स्याङ्जामा महिलाहरुलाई निशुल्क लोकसेवा तयारी कक्षा सुरु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २५ माघ




निजामति सेवामा महिला सहभागिता बढाउने उद्देश्यले स्याङ्जामा आइतबारदेखि २० दिने निशुल्क लोकसेवा तयारी कक्षा सुरु गरिएको छ । तयारी कक्षा भौतिक उपस्थिति र अनलाइन गरी दुवै माध्यमबाट सञ्चालन हुनेछ ।

गण्डकी प्रदेश सरकार अन्तर्गतको एकीकृत सेवा कार्यालय स्याङ्जाले महिलालाई लक्षित गर्दै सहायक स्तर चौथो तह खरिदार र सोसरहको कक्षा सञ्चालन गर्न सुरु गरेको छ ।

तयारी कक्षाको औपचारि करुपमा शुभारम्भ गर्दै जिल्ला समन्वय अधिकारी प्रवीण ढकालले कक्षाको सहिसदुपयोग गर्दै अध्ययनको बानी बढाउन सुझाव दिनुभयो । ‘यहाँ छुट्ट्याइएको २० दिन पर्याप्त होइन । यसै कक्षालाई आधार मानेर नियमित अध्ययन गरेमा अवश्य सफल भईन्छ । मेहनत गर्न छाड्नु हुदैंन ।’ उहाँले भन्नुभयो, ‘मलाई पनि यसरी नै निजामति सेवामा प्रवेशको वातावरण मिलेको हो र आज यो स्थानसम्म आइपुगेको हुँ । सरकारी जागिर अर्थात निजामति सेवा बारे पनि ढकालले जानकारी गराउनुभयो ।

कार्यक्रममा एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलले अध्ययनशिल युवाहरुको पहिलो रोजाई निजामति सेवा भएको बताउदै निशुल्क कक्षाबाट धेरै भन्दा धेरै लाभ लिन आग्रह गर्नुभएको थियो । उहाँले जिल्ला सदरमुकाम देखी टाढा ग्रामीण क्षेत्रमा रहनुभएका र अपांगता भएका महिलाहरुलाई लक्षित गरी अनलाइन कक्षा पनि सञ्चालन भएकोहुदाँ यसको लाभ लिइ स्याङ्जा जिल्लाका महिलाहरु निजामती क्षेत्रमा सधैँ अब्बल रहन सहयोग गर्ने विश्वास व्यक्त गर्नु भयो ।

आइतबार देखि सुरु भएको तयारी कक्षामा ६० सेसन हुनेछ । भौतिक र अनलाइनबाट जिल्लाका ५० जना भन्दा बढी विद्यार्थीहरुको सहभागितामा दैनिक साढे ४ घण्टा पढाउनेगरि जिल्ला र केन्द्रमा बसी आयोग सम्बन्धी अनुभवी प्रशिक्षकद्धारा कक्षा लिईने एकीकृत सेवा कार्यालय प्रमुख जीवन पौडेलले जानकारी दिनुभयो ।

# विद्यालयमा न्यानो कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ




लायन्स क्लब अफ पोखरा सांग्रिलाले पोखरा, १३ आर्वा स्थित श्रीअमर ज्योति आधार भुत बिद्यालयका विद्यार्थीलाई न्यानो कपडा देखि स्टेशनरी सामग्री वितरण गरेको छ ।

सो अवसरमा क्लबले २४ थान न्यानो कपडा ज्याकेट, दुई थान भलिबल, कापी कलम, पेन्सिल, ईरेजर कटर आदि सामग्रि वितरण गरेको बिद्यालय व्यवस्थापन समिति सदस्य राजनकुमार सिग्देलले जानकारी दिए ।

क्लबका अध्यक्ष लायन इ. सन्तोष ओझाको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि - जोन चियर्सपर्सन पवन कुमार जि.सि थिए ।

विद्यालय व्यवस्थापन समितीका अध्यक्ष कृष्णप्रसाद बरालले स्वागत गरेको कार्यक्रमको संचालन प्र.अ. बिमलबहादुर बरालले गरेका थिए । सो अवसरमा कार्यक्रम संयोजक ला. मोहन सिग्देल, ला. प्रतीक सुवेदी, ला. राजीब पौडेल ला. महेश भट्टचन, ला. अनिल परियार, ला. स्वयम वाग्ले शिक्षक विद्यार्थीहरुको को उपस्थिति थियो ।

# उपशाखा-१० को ३२ औं साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ





नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाको ३२ औं साधारणसभा एक कार्यक्रमका साथ आफ्नै भबनको सभाहलमा सम्पन्न भएको छ।

प्रमूख अतिथि पोखरा महानगरपालिका वडा नं. १० का वडा अध्यक्ष राजेश गुरुङ्ग (राजु सर) मा हेनरी ड्यूनाको तस्वीरमा मल्यार्पन र पानसमा दिप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुहुँदै कास्की जिल्लाकै सकृयभै मानबिय सेवामा लागि मानबमा आईपर्ने हरेक समस्यामा सेवा प्रदान गर्दै आइरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा वडा कार्यालय वडा नं १० सँग समन्वय गरी जहा समस्या जहा बिपत त्यहा रेडक्रस भन्ने उद्देश्यका साथ आफ्नै भबन भाद्र २३, २४ को आन्दोलन केही क्षति परेको अबस्थामा पुनःमर्मत सम्भार गरी कार्य संचालन गर्न सफल रहेकोमा हार्दिक बधाई दिनुहुँदै रेडक्रसको हरेक कार्यमा वडाको साथ रहने बचन दिनुहुदै साधारण सभाको सफलताको शुभ कामना दिनुभयो । ७ जना आजिबन सदस्यहरूलाई प्रमाण पत्र बितरण गरिएको उक्त साधारणसभा कार्यक्रममा सचिवको प्रतिबेदन सचिव बिन प्रसाद गुरुङ्ग र कोषाध्यक्ष को प्रतिबेदन कोषाध्यक्ष नरहरी पनेरूले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा २०८२ भाद्र २३ र २४ को आन्दोलनबाट उप शाखाको भबन मा समेत क्षती भएकोमा मर्मत गर्न अमेरिकाका सहयोगी साथीहरू रितेष श्रेष्ठ, बिकाश मल्ल, सुमन गुरुङ, सपना योञ्जन, सन्दिग्ध गौचन, सुजन गुरुङ,रितु गुरुङ, दिपसागर गिरी, कृपा श्रेष्ठ, सुवास खड्का, कमल थापा, जिवन गुरुङ, किरण पाण्डे, प्रशान्त कार्की, गौमाया गुरुङ (साइराम) र अभानी ढेवाजू समेत अमेरिका निवासी बाट ९१ हजार, टोल बिकास सस्था वडा समन्वय समिती वडा नं १० बाट रू ३५ हजार ५ सय ५५, चेतनशिल आमा समुह रू २० हजार ५०, ज्यलन प्यलन कृष्ण गुरुङ, पदम गुरुङ, कमल गुरुङ, देव गुरुङ बाट रु २० हजर, कामना टोल महिला समिती रू १० हजार ५, राम बजार जेष्ठ नागरिक मिलन केन्द्र रामबजार रू १० हजार, दौँतरी ग्रुप रामबजार १० बाट रू ५ हजार ५ सय ५५, कृष्ण मन्दिर आमा समुह रू ५ हजार ५५, राम बजार सोसाइटी युके का सस्थापक अध्यक्ष राम गुरुङ रू ५ हजार र बरिष्ठ सल्लाहाकार महेश गुरुङ रू ५ हजार, युके निवासी रितु श्रेष्ठ रू ५ हजार, यु के निवासी जीना श्रेष्ठ रू ५ हजार यम कुमार पुन रू ५ हजार, क्या.अनिल कुमार श्रेष्ठ रू ५ हजार, राम मन्दिर माछापुच्छे महिला समुह रू ५ हजार, राम.बजार नेवाः मिसा पुचः रू ५ हजार, दिपक बहादुर थापा रू ५ हजार, र शान्ति सुबेदी रू ३ हजार सहयोग प्राप्त भए को कोषाध्यक्ष नरहरि पनेरूले जानकारी दिनुभयो । कार्यक्रममा निवर्तमान सभापति सम्मर बहादुर श्रेष्ठले उपशाखाको स्थापनादेखि हालसम्मका गतिविधिका बारेमा प्रष्ट पार्नुहुँदै आउदा दिनमा अझ सशक्त भएर अघि बढ्नुपर्ने बताउनुभयो । उक्त अवसरमा वडा नं १० का वडा सदस्य परमेश्वर बहादुर कार्की, नेपाल रेडक्रस सोसाइटी कास्की स शाखाका कोषाध्यक्ष एवं उपशाखा १० का समन्वयकर्ता सन्तोष अधिकारी, राम बजार सोसाइटी युकेका बरिष्ठ सल्लाहाकार महेस गुरुङ, पोखरा महानगर स्वास्थ्य महाशाखाका सि.अ.हे.बरिष्ठ अधिकृत अर्जुन बहादुर खत्री क्षेत्री लगायतका बक्ताहरूले आ आफ्नो बिचार ब्यक्त गर्नुहुदै रेडक्रस जस्तो मानबिय सेवामा लागीपर्ने सस्थालाई सधै सहयोग गर्ने बताउनु भयो ।

नेपाल रेडक्रस सोसाइटी पोखरा १० का सभापति जिबन श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा रेडक्रसका सात सिद्धान्त समितिका सदस्य निर्मला श्रेष्ठले बाचन गर्नु भएको थियो । उक्त अवसरमा उपशाखा १० का उपसभापति पबित्रा देबी गुरुङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सस्थाका सचिब बिन प्रसाद गुरुङले संचालन गर्नु भएको थियो ।



मुस्ताङमा निर्वाचन सुरक्षा गस्ती : आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी मुस्ताङको घरपझोङ गाउँपालिकाका विभिन्न स्थानमा जोमसोमस्थित ईन्द्रबक्स गणको निर्वाचन सुरक्षा बेसका सैनिकहरुले नियमिति गस्ती गर्दै । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित वातावरणमा सम्पन्न गर्न नेपाली सेनाले माथिल्लो मुस्ताङ र तल्लो मुस्ताङमा निर्वाचन सुरक्षा बेस क्याम्प स्थापना गरेको छ।
तस्बिरः सुन्दरकुमार थकाली/रासस

# प्राइम मन्टेश्वरी स्कुलको वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ



पोखरा महानगरपालिका-११, फुलवारीस्थित प्राइम मन्टेश्वरी स्कुलले आफ्नो १२ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका-११ का वडा अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले बालमैत्री वातावरणमा आधारित सिकाइ पद्धतिले बालबालिकाको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाको शिक्षा महाशाखाका वरिष्ठ अधिकृत कृष्णप्रसाद भण्डारीले स्कुलले बालमैत्री वातावरण र आधुनिक शिक्षण विधिमार्फत प्रभावकारी सिकाइ प्रक्रिया अपनाएको भन्दै प्रशंसा गर्नुभयो। त्यस्तै स्कुलका प्रधानाध्यापक विष्णु प्रसाद घिमिरेले गुणस्तरीय र व्यवहारिक शिक्षामा स्कुल सधैँ प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले मन्टेश्वरी स्कुलले बालबालिकाको बाल-मनोबैज्ञानिक बुझेर शिक्षा दिदै आएको उल्लेख गर्नुभयो।

स्कुलका संस्थापक तथा प्रबन्ध निर्देशक कविता पराजुलीले अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष कञ्चन थापा, अभिभावकहरूको तर्फबाट महेश गुरुङ र रवि तिमिल्सिनाले स्कुलको शैक्षिक तथा अतिरिक्त क्रियाकलापको प्रशंसा गर्नुभएको थियो।

कार्यक्रममा बालबालिकाहरूले श्रुति योग, नृत्य, संगीत तथा शैक्षिक प्रस्तुति प्रस्तुत गरेका थिए। उनीहरूको सिर्जनात्मक र आत्मविश्वासी प्रस्तुतिले उपस्थित अभिभावक तथा अतिथिहरूलाई आकर्षित गरेको थियो । कार्यक्रमको स्वागत मन्तव्य विद्यार्थी दीपशन गुरुङले दिनुभएको थियो भने शिक्षिकाको तर्फबाट आकृति पहारीले विचार व्यक्त गर्नुभएको थियो। कार्यक्रम सञ्चालन स्नेहा गुरुङले गर्नुभएको थियो।

# बिटी कपमा दोस्रो चरणका खेल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ



पोखरा महानगरपालिका १ टुंडिखेलमा जारी 'नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा आज (आइतबार) देखि दोस्रो चरणका खेल सुरु भएको छ।

बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा आइतबार दोस्रो चरणका ८ खेल सकिएको खेल संयोजक रामकाजी गुरुङले बताए। उनका अनुसार दीप युनाइटेड र सम्झना क्लब नयाँगल्लीबीच भएको पहिलो खेल गोलरहित भएपछि पेनाल्टी सुटआउटमा दीपले ३-२ गोल अनतरले पराजित गर्यो । यस्तै दोस्रो खेलमा आयोजक बिटी टिम 'ए' ले एनएएफसीमाथी १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो । आयोजकको जीतमा विकास साईले निर्णायक गोल गरे।

यस्तै त्रिशक्ति युवा क्लब लाहाचोक र मार्सल ह्वाइटबीच भएको तेस्रो खेल गोलरहित भएपछि पेनाल्टी सुटआउटमा लाहाचोकले ४-३ गोल अनतरले हरायो । मार्सल ब्ल्याक र एट टु नाइनबीच भएको चौथों खेल गोलरहित भएपछि पेनाल्टीमा एट टु नाइन एफसीले ३-२ गोल अन्तरले जीत निकाल्यो। रामघाट ग्रीन र बानियाँ ब्रदर्शबीच भएको पाँचौ खेल पनि १-१ गोलको बराबरी भएपछि पेनाल्टी सुटआउटमा रामघाट ग्रीनले ३-२ को गोल अन्तरले पराजित गर्यो। छैटौं खेलमा रामघाट ह्वाइटले तालपारी एफसीलाई २-१ गोल अन्तरले हरायो । रामघाटको जीतमा मनिष तामाङले २ गोल गरे भने, तालपारीका लागि निखिल रानाले सान्त्वना १ गोल गरे । सातौ खेलमा लामागाउँ गुम्बा 'टिम बि' ले मसिना एफसीलाई २-० गोल अन्तरले पराजित गर्यो । लामागाउँको जीतमा युनिक तामाङ र दिवस छन्त्यालले समान १/१ गोल गरे । आज भएको अन्तिम खेलमा लामागाउँ गुम्बा 'टिम ए' ले बेस्ट ब्वाइज भिमादलाई २-० गोल अन्तरले हरायो। लामागाउँको जीतमा सँगम गुरुङ र एलिश तामाङले समान १/१ गोलको योगदान दिए। सोमबार पनि बिहान ८ बजेबाटै दोस्रो चरणकै खेल हुने क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

# अण्डाको मूल्यमा भारी गिरावट

**रासस**
चितवन, २५ माघ

अण्डाको मूल्यमा भारी गिरावट आएको छ। नेपाल लेयर्स कुखुरापालक संघले सोमबारदेखि लागू हुने गरी नयाँ मूल्य घटाइएको जनाएको छ । नेपालमा उत्पादन बढेको र यही समयमा भारतबाट पनि अण्डा नेपाल भित्रिएपछि मूल्यमा गिरावट आएको सङ्घका अध्यक्ष विनोद पोखरेलले जानकारी दिनुभयो।

अब समर्थन मूल्यअनुसार ठूलो अण्डा प्रतिक्रेट (३० वटाको) रु ३७५ र मिडियम रु ३३५ कायम गरिएको छ । यसअघि माघ २२ गते ठूलो अण्डा प्रतिक्रेट रु ४३५ र मिडियम रु ४०५ रहेको थियो । माघ ११ गते ठूलो अण्डा रु ४९५ र मिडियम रु ४७५ पुगेको थियो।

गत मङ्सिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो । तत्कालीन समयमा फार्ममा ठूलो अण्डा रु ५६५ प्रतिक्रेटमा बिक्री भएको थियो । मझौलाको रु ५५० थियो । सङ्घका अध्यक्ष पोखरेलका अनुसार भारतीय सेतो अण्डा धेरै भित्रिएको र उत्पादन बढेका कारण यहाँको अण्डाले बजार र मूल्य पाउन नसकेको हो। भारतीय अण्डा रोक्न सङ्घले सरकारी निकायसँग निरन्तर रूपमा माग गरिरहेको उहाँले जानकारी दिनुभयो । अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउँछ । यस आधारमा लागत मूल्य प्रतिक्रेट पाँच सय ७४ रुपैयाँ छ पैसा पर्न आउँछ। लागत मूल्य नजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसान निरास बनेका बनेका छन् । सङ्घले देशभरका फर्मबाट मूल्य लिएर चितवनलाई आधार मानेर अण्डाको समर्थन मूल्य जारी गर्ने गर्दछ।

# उत्कृष्ट परिवार योजना सेवा प्रदान गर्ने नरेठाँटी स्वास्थ्यचौकी गण्डकी प्रदेशकै प्रथम

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ माघ




गण्डकी प्रदेशमा नै सर्वाधिक अङ्क प्राप्त गरी बागलुङको गलकोटस्थित नरेठाटी स्वास्थ्यचौकी उत्कृष्ट बनेको छ । न्यूनतम स्वास्थ्य मापदण्ड मूल्याङ्कनका आधारमा उक्त स्वास्थ्यचौकी उत्कृष्ट भएको हो।

नरेठाँटी स्वास्थ्यचौकीको न्यूनतम स्वास्थ्य मापदण्ड मूल्याङ्कनमा ९८ प्रतिशत अङ्क प्राप्त गरेरे उत्कृष्ट बनेको हो । मूल्याङ्कनमा नरेठाँटी स्वास्थ्यचौकीले विभिन्न स्वास्थ्य सूचकका आधारमा सो अङ्क प्राप्त गर्न सफल भएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । गत वर्ष पनि नरेठाँटी स्वास्थ्यचौकीले गण्डकी प्रदेशमै ९६ प्रतिशत अङ्क प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको थियो । यस वर्ष हालसम्म सम्पन्न भएका मूल्याङ्कनमा ९८ प्रतिशत अङ्कसहित नरेठाँटी स्वास्थ्यचौकी प्रदेशकै पहिलो स्थानमा रहेको प्रदेश जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ रोग निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो । स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरूको मेहनत र लगावका कारण प्रदेशमै उत्कृष्ट बनेको घिमिरेले जानकारी दिनुभयो । घिमिरेका अनुसार भौतिक पूर्वाधारजस्तै भवनको अवस्था, पानी-बिजुली, शौचालय, प्रतीक्षालय, सेवा कक्ष, अपाङ्गमैत्री पहुँच, फोहर व्यवस्थापन, कर्मचारी, तालिम र त्यसले दिने सेवा प्रवाहको अवस्थाका आधारमा मूल्याङ्कन हुँदै आएको छ । फोहर व्यवस्थापनमा मानव संशाधन, स्वीकृत दरबन्दीअनुसार कर्मचारी, उपस्थिति, तालिमप्राप्त जनशक्ति, जिम्मेवारी बाँडफाँट, ओपिडी, मातृशिशु सेवा, खोप, परिवार योजना, पोषण, क्षयरोग/कुष्ठरोग सेवा, आकस्मिक प्राथमिक उपचार, औषधि तथा उपकरण, आवश्यक औषधिको उपलब्धतालगायतले नरेठाँटी उत्कृष्ट रहेको गलकोट-२ का वडाध्यक्ष हेमन्त भण्डारीले जानकारी दिनुभयो।

# म्याग्दीको घतानमा लक्ष्यअघि नै सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ माघ

जिल्लाको मध्यभागमा पर्ने बेनी नगरपालिका र रघुगङ्गा गाउँपालिकाका बस्तीहरूलाई सदरमुकाम बेनीसँग जोड्ने बेनी-पाखापानी सडकको भुतादैला-तोरीपानी खण्ड स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यअघि नै सम्पन्न भएको छ।

म्याग्दीको रणनीतिक महत्वको यस सडकको स्तरोन्नति भएको क्षेत्र बेनी नगरपालिका-९ साविक घतान गाविसको भूगोलमा पर्छ। पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित बेनी-पाखापानी सडक योजनाअन्तर्गत बेनी नगरपालिका-९ भुतादैलादेखि नेप्टेचौर हुँदै तोरीपानी खण्ड स्तरोन्नतिको काम लक्ष्यभन्दा पाँच महिनाअघि नै सम्पन्न भएको हो।

यो सडक योजना निर्माणका लागि २०८१ साल जेठ २० मा पूर्वाधार विकास कार्यालय र मङ्गलादेवी सुवास कन्स्ट्रक्सन प्रालि नुवाकोटले रु ११ करोड ७६ लाख १२ हजार ५४१ मा ठेक्का सम्झौता गरेको थियो । आगामी २०८३ जेठ २० गतेसम्मको म्याद रहेको योजना निर्माणकार्य माघको तेस्रो साता सकिएको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "कालोपत्र भएको सडकमा रङरोगन र सङ्केतचिह्न तथा साइडबार लगाउने काम पनि सकिएको छ, बजेट अभावको असहज अवस्थाका बाबजुद पनि पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघि नै योजना सम्पन्न गरिएको हो ।" निर्माण व्यवसायी कार्कीले काम सम्पन्न गरे पनि सरकारले विनियोजन गरेको बजेट सकिएकाले पूरै बिलको भुक्तानी नपाएको गुनासो गर्नुभयो । कार्यालयका अनुसार यो योजनाका लागि रु एक करोड ५० लाख बजेट अपुग भएको छ।

# वरिष्ठ कलाकार थापाको अन्त्येष्टि

**रासस**
काठमाडौं, २५ माघ

नेपाली चलचित्र क्षेत्रका वरिष्ठ कलाकार सुनिल थापाको आइतबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

नेपाली कला, संस्कृति र चलचित्र क्षेत्रमा लामो समयसम्म अतुलनीय योगदान पुऱ्याएका कलाकार थापाको पार्थिव शरीरमा राष्ट्रिय सम्मानसहित अन्तिम दाहसंस्कार गरिएको हो। थापाको पार्थिव शरीरमा वरिष्ठ कलाकार निर शाह, सङ्गीतकार शम्भुजित बासकोटा, चलचित्र विकास बोर्डका प्रतिनिधि, कलाकार सङ्घ-संस्थाका पदाधिकारी, चलचित्रकर्मी तथा आफन्तजनले राष्ट्रिय झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । श्रद्धाञ्जली सभामा सहभागीहरूले स्व थापाको कला यात्रालाई स्मरण गर्दै उहाँको योगदान नेपाली चलचित्र इतिहासमा सदैव अमर रहने उल्लेख गर्नुभयो । उहाँको शनिबार बिहान हृदयाघातका कारण थापाथलीस्थित नर्भिक अन्तरराष्ट्रिय अस्पतालमा निधन भएको थियो । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा पोस्टमार्टम सम्पन्न भएपछि उहाँको पार्थिव शरीर पशुपति आर्यघाट अन्त्यष्टि गरिएको हो।